# पुचौंडी नगरपालिका

## हाँट, बैतडी

# बार्षिक नीति तथा कार्यक्रम

## आ.ब. २०७९/८०

२०७९ साल असार १० गते

पुचौंडी नगरपालिकाको एघारौ गरिमामय नगरसभामा उपस्थित सम्मानित नगर सभा सदस्यज्यूहरु,

नेपालको संविधानले व्यवस्था गरेको तीन तहको राज्य संरचना अनुरुप स्थापित आज ७५३ बटै स्थानीय सरकारहरुको आगामी आ.ब. २०७९।८० को वार्षिक नीती तथा कार्यक्रम र बजेट प्रस्तुत हुने दिन अनुसार पुचौंडी नगरपालिकाको एघारौ नगर सभा आर्थात दोस्रो जन निर्वाचित स्थानीय सरकारको पहिलो नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउदा हर्ष विभोर भएको छु ।

नेपालको ईतिहासको बिभिन्न कालखण्डमा भएका जन आन्दोलनहरुको उपलब्धीको रुपमा स्थापित भएको संघीयता यसैको काखमा हुर्किरहेको स्थानीय तह जसलाई नागरिकको घर आगनको सरकारको उपमाको रुपमा चिनिने यस सरकारको आ.ब. २०७९।८० को नीती तथा कार्यक्रम प्रस्तुत गर्दै गर्दा यस कालखण्डमा मुलुकको व्यवस्था परिवर्तनका लागि आफ्नो ज्यानको प्रवाह नगरी शाहदत प्राप्त गर्नुहुने वीर अमर सहिदहरु प्रति हार्दिक श्रर्दासुमन अर्पण गर्दछु ।साथै जन आन्दोलनका धाईतेहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

स्थानीयस्तरबाट नागरिकका जन चाहानाहरुको उचितरुपमा संवोधन गर्न स्थानीय स्तरमा प्राप्त हुने स्रोत र साधनको संकलन र  कुशलतम परिचालन गर्दै सो मार्फत नागरिकका आवाजहरुको सम्बोधन गर्ने अविभारा हामी सामु आएको छ । राज्य नागरिकको अभिभावकहो भर्खरै सम्पन्न निर्वाचनबाट त्यो अभिभावकत्व ग्रहण गर्ने अवसर हामिले पाएका छौ । जुन हाम्रो लागि अवसर र चुनौती दुवै हो । अवसरहरुको अधिकतम उपयोग गर्दै चुनौतीहरुलाई सहजता पुर्वक सामाधन गर्नु हाम्रो कर्तव्य हुन आउछ ।

नागरिकका चाहानाहरु असीमित छन । हामी संग स्रोत साधन सीमित छ । सीमित स्रोत साधनको परिचालन बाट अधिकतम लाभ हासिल गर्नु सो को सामानुपातिक वितरण गरी नागरिकको जिवनस्तरमा सारभुत परिवर्तन गर्नु आजको अपरिहार्यता वनेको छ ।जसको लागि आगामी आ.ब.२०७९।८० मा बिधुत विस्तार,सडक संजालको विस्तार,नगरपालिकाको प्रशासनिक भवन जस्ता अनिवार्य दायित्वका विषयहरुलाई सम्बोधन गर्दा जनस्तरबाट निर्वाचनताका माग भई आएका स-साना योजनाहरु वडास्तर बाट संवोधन गर्ने गरी र बाँकी माग गरिएका योजनाहरुलाई क्रमसः सम्बोधन हुने बचनबद्वता सहित अधिकासं समस्याहरुको यथोचित सम्वोधन गर्न आ.ब. २०७९।८० को वार्षिक बजेट तर्जुमाको पुर्व सन्ध्यामा पुचौंडी नगरपालिकाको गरिमामय नगरसभा समक्ष आगामी वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेकोछु ।

आगामी आ.ब. २०७९।८० को लागि यस नगरपालिकाले समेटने क्षेत्रगत नीतिहरुलाई बुदागत रुपमा निम्म बमोजिम प्रस्तुत गर्न चाहान्छु ।

**आर्थिक विकासः**

- आर्थिक विकासको मुलभुत औजार रुपमा चिनिने कृषि तथा पशुपालन व्यवसाय प्रति वेरोजगार युवाहरुको आकर्षण बढाउदै बर्षेनीरुपमा ठुलो युवा जमात अन्तराष्ट्रिय श्रम बजारमा पलायन हुने अवस्थालाई न्युनिकरण गर्न उनिहरुको सिप र श्रमको उपयोग गरी कृषि पेशमा संलगन हुन चाहाने कृषकहरुलाई बेमौसमि तरकारी खेतिको लागि आवश्यक पुर्वाधारहरुको निर्माण गर्न अनुदान मुलक कार्यक्रम संचालन गरिनेछ ।
- कृषि उत्पादन वृद्घि गरि आयातलाई प्रतिस्थापन गरी निर्यात प्रबर्द्वनका लागि कृषि सम्वन्धी ज्ञान सीप हासिल गरेका कृषि पेशामा रहेका संलग्न हुन चाहाने युवा तथा व्यवसायीहरुको लागि मागमा आधारित व्यवसायीक कृषि बिकास कार्यक्रम संचालन गरि रोजगारी सृजना गर्न कृषि पकेट क्षेत्र निर्माण गरिने छ।
- परम्परागत रुपमा गर्दै आएको निर्वाहमुखी कृषि प्रणाली लाई व्यवसायीक बनाउदै लगिनेछ।
- महिलाहरुको उधमशिलता विकासका लागि उधमी महिला लक्षित कार्यक्रम संचालन गरिने छ ।
- अर्थतन्त्रको विकासका लागि अपरिहार्य साधनको रुपमा रहेको स्थानीय व्यापार व्यवसायको नियमन,व्यवस्थापन र पर्वर्द्वन गर्न आवश्यक कार्यक्रम हरु संचालन गरिनेछ ।

**सामाजिक विकास :**

- मानव जिवनको तेस्रो आखाँ अर्थात सभ्य र सुन्दर समाज निर्माणका लगि अपरिहार्य तत्वका रुपमा चिनिने शिक्षा क्षेत्रको विकासका लागि यस नगरपालिका भित्र उच्चमाध्यमिक तहमा अध्ययनरत विध्यार्थिहरुलाई निशुल्क शिक्षा प्रदान गरिनेछ ।
- यस नगरपालिकाभित्र उच्चशिक्षा प्रास गर्ने एकमात्र संस्था पुर्चौडी बहुमुखी क्याम्पसको शैक्षिक गुणस्तर अभिवृद्घि गर्न शैक्षिक पुर्वाधार निर्माणका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- सहकारितामुलक विकासको अवधारणा अनुसार यस नगरपालिका भित्र सामाजिक लगायत विभिन्न क्षेत्रमा काम गर्न ईन्छुक राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसंगको सहकार्यमा कार्यक्रम संचालन गरिनेछ ।

- आर्थिक अभावको कारणबाट शिक्षाको पहुचँ वाट टाढा हुन बाध्य गरिब जेहेन्दार बालबालिकाहरुकालागि शिक्षण कार्यमा सहयोग पुर्याउने उद्वेश्यले मेयर छात्रवृति कार्यक्रम संचालन गरिनेछ ।
- बालबालिका भित्र अन्तर्निहित रहेको प्रतिभाहरुको उजागर गर्दै उनिहरुको ज्ञान सीप क्षमताको प्रष्पुटन गराउन मेयर अतिरिक्त क्रियाकलाप संचालन गरिनेछ ।
- नगर स्वंयम सेवक शिक्षक हरुलाई आगामी आ.व.मा पनि निरन्तरता दिईनेछ। साथै यस नगरपालिका अन्तर्गत रहेका सामुदायीक बिध्यालयहरुमा रहेका शिक्षक दरवन्दीहरुलाई विध्यार्थी संख्याको आधारमा मिलान गरिनेछ ।
- समाजमा पछाडि परेका दलित तथा विपन्न परिवारहरुको शसक्तिकरणका लागि आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ।
- महिलाहरुको उधमशिलता प्रवर्द्धनका लागि उनिहरुको माग र आवश्यकता अनुसार सीप विकास सम्वन्धि तालिम संचालन गरिने छ ।
- जेष्ठ नागरिक तथा दिर्ध रोगीहरुको नियमित स्वास्थ्य परिक्षण तथा उपचारका लागि (गाउँ घरमै चिकित्सकीय) कार्यक्रम गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तीहरुको लागि अपाङ्गतामैत्री पुर्वाधार निर्माण गरिनुका साथै शिक्षा तथा स्वास्थ्य सेवामा सहज पहुँचको अवसर सिर्जना गर्दै अपाङ्गता भएका व्यक्तीहरुको वर्गीकृत परिचय पत्र चौमासिक रुपमा वितरण गरिनेछ ।
- नेपालको ईतिहासमा संचालित १२ वर्षे जनयुद्वकाक्रममा शाहदत प्राप्त गर्ने यस पुचौंडी नगरपालिका भित्र रहेका सहिद परिवारलाई सम्मान सहित आर्थिक सहायता प्रदान गरिनेछ । र जनयुद्वका धाईतेहरुको लागि निशुल्क उपचार प्राप्त हुने गरी स्वस्थ्य विमा गरिनेछ ।
- आधारभुत स्वास्थ्य सेवालाई थप परिस्कृत गर्दै साधन स्रोत सम्पन्न बनाउनका साथै स्वास्थ्य चौकी स्तरबाटै चिकित्सकीय सेवा संचालनको थालनी गरिनेछ ।
- यस नगरपालिका भित्र विगत लामो समयदेखी आँखाको समस्या बाट ग्रसित नागरिकहरुको उपचारका लागि आगामी आ.ब. भित्र प्राथमिक आँखा उपचार केन्द्रको स्थापना गरिनेछ ।
- मातृ तथा नव शिशु स्वास्थ्य सुधारकालागि २४ घण्टे सुरक्षित प्रसुती सेवालाई प्रोत्साहन सहित थप सुदृढीकरण गरिनेछ ।
- महिला स्वास्थ्य स्वंयम सेविकाहरुको मनोवल उच्च राख्न थप प्रोत्साहनका कार्यक्रम संचालन गरिनेछ ।

**पुर्वाधार विकास :**

- पुर्वाधारको पनि पुर्वाधारका रुपमा चिनिने सडक पुर्वाधारको विकास र विस्तार गर्न अन्तर पालिका र अन्तर जिल्ला र वडा कार्यालय जोडने सडकलाई प्राथमिकता साथ आगामी आ.ब. भित्र  सडक संजालमा आवद्व गरिने छ। साथै नगरपालिका भित्रका मुख्य सडक तथा शाखा सडकहरुलाई बाह्रै महिना सवारी साधन संचालन हुने गरी सडकहरुको स्तर उन्नती गरिनेछ ।
- विधुत विस्तारकार्य लाई आगामी दुई वर्ष भित्र यस नगरपालिकाका सम्पुर्ण वार्डहरुमा विस्तार हुने गरी उज्यालो पुचौंडी अभियानको सचालन गरिनेछ ।
- यस नगरपालिका क्षेत्र भित्र रहेका धार्मिक, सास्कृतिक,पर्यटकिय,सामरिक महत्वका सम्पदाहरुको संरक्षण सम्वर्द्धन, विकास र पर्वद्वनका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।
- यस नगरपालिका अन्तर्गत संचालित  झोलुङ्गेपुल निर्माण कार्यलाई निरन्तरता दिईनेछ । साथै निर्माण भएका झोलुङ्गेपुलहरुको संरक्षण तथा संम्भारका लागि आवश्यक जनशक्ती व्यवस्थापन गरिनेछ ।
- पुचौंडी नगरपालिकाको प्रमुख समस्याको रुपमा रहेको संचार सेवाको गुणस्तर प्रवर्द्धन गर्न दुर संचार (TOWER) सम्म विधुत विस्तार कार्य गर्नुका साथै (TOWER) संरक्षणका लागि आवश्यक जनशक्ती व्यवस्थापन गरिनेछ ।
- नगर भित्र संचालन हुने सार्वजनिक यातायातको रुट तथा भाडादर निर्धारण गरी नियमन गरिनेछ ।
- नगरपालिकाको सार्वजनिक सेवा प्रवाहलाई व्यवस्थित गर्न निर्माणाधिन प्रशासनिक भवनको निर्माण कार्यलाई आगामी आ.ब.भित्र सम्पन्न गरिने छ ।
- घरवार विहिन नागरिकहरुको घर निर्माणको लागि नागरिक आवास कार्यक्रम लाई निरन्तरता दिनेछ।
- विकास निर्माण कार्यलाई दिगो बनाउन टोल विकास संस्थाको गठन परिचालन गरी आगामी आ.ब.का बिकास योजनाहरुलाई टोल विकास संस्था मार्फत संचालन गरिनेछ ।

**वन वातावरण तथा विपद व्यवस्थापन:**

- नगरपालिका भित्र हुन सक्ने सम्भाव्य प्रकोप जोखिम लाई न्युनिकरण गर्न विपद प्रतिकार्य योजना तर्जुमा गरी कार्यान्यन गरिनेछ ।
- नगरपालिका भित्र हुन सक्ने  सम्भाव्य प्रकोप तथा महामारीको सामना गर्न प्रकोष व्यवस्थापन कोष स्थापना गरिनेछ ।

- नगरपालिका क्षेत्र भित्रका वन सम्पदाहरुको संरक्षणका लागि आवश्यक कार्यक्रम संचालन गरीनेछ ।
- पुर्वाधार निर्माण कार्य गर्दा दिगो विकासको अवधारणा अनुसार वातारणमैत्री संरचना निर्माण कार्यलाई पोत्साहित गर्दै( **IEE ,EIA** ) प्रतिवेदन अनुसार पुर्वाधार निर्माण गरिनेछ ।

**संस्थागत विकास तथा सुशासन:**

- नगरपालिका भित्र सुशासनको प्रर्वद्वन एंव भ्रष्ट्राचारमा शुन्य सहनशिलताको नीतिलाई आगामी आर्थिक वर्षमा थप व्यवस्थित वनाईने छ ।
- विगत लामो समय देखी आफ्नो क्रियासिल जिवन राष्ट्रसेवामा समर्पित गर्नु भई सेवा निवृत भएका राष्ट्रसेवक कर्मचारीहरुको सेवाको उच्चकदर गर्दै सेवा निवृत कर्मचारीहरुको सेवा सुविधा प्रदान गर्न कर्मचारी कल्याणकारी कोषको स्थापना गरिनेछ।
- जनशक्ती अभावका कारण सार्वजनिक सेवा प्राहावलाई पुर्ण रुपमा प्रभावकारी बनाउन नसकिएको बिषयलाई मध्यनजर गर्दै आगामी आ.ब. भित्र दरवन्दी संरचना अनुसारको जनशक्ती प्रदेश लोकसेवा आयोग मार्फत पदपुर्ती गरिनेछ ।
- नगरपालिकाको आम्दानी र खर्चको विवरणलाई समय समयमा सार्वजनिक गरी सोको विवरण वेवसाईडमा राख्ने व्यवस्था मिलाईने छ । वित्तीय जोखिम न्युनिकरणका लागि कार्ययोजना वनाई कार्यान्वयन गरिनेछ ।
- आन्तरिक लेखा परिक्षणलाई प्रभावकारी वनाईनेछ । वेरुजु न्युनिकरण गर्दै भएको वेरुजु लाई सिध्र फछ्यौंट गर्ने प्रकिया लाई अवलम्वन गरिनेछ ।
- व्यक्तिगत घटना दर्ता कार्यलाई अनलाईन मार्फत नागरिकले निवेदन दिन सक्ने गरी विकास गरिनेछ ।
- आन्तरिक राजस्वको दायरालाई थप विस्तार गरिनेछ ।
- नगर क्षेत्र भित्र व्यापार व्यवसायी संचालन गरी रहेका सम्पुर्ण व्यापारीहरुलाई व्यवसाय करको दायरामा ल्याईने छ ।
- नगरपालिका बाट संचालित योजना तथा कार्यक्रम हरुको सुचनामा पहुँच अभिवृद्धि गरिनेछ। गुनासो सुनुवाई सार्वजिनक सुनुवाई सामाजिक परिक्षण जस्ता कार्यलाई थप प्रभावकारी बनाईने छ ।

सभा सदस्य ज्यू

मैले प्रस्तुत गरेको नीति तथा कार्यक्रम कार्यान्वयन बाट पुचौंडी बासीहरुको आर्थिक सामाजिक अवस्था परिवर्तन हुने वातावरण संरक्षण र दिगो विकासमा गुणात्मक सुधार रोजगारी सिर्जना राजस्व संकलनमा उल्लेखनीय बृद्धि हुनका साथै भौतिक पुर्वाधार निर्माण र सेवा प्रवाहमा सुधारआई सुशासनको अनुभुती हुने विश्वास लिएको छु ।

अन्त्यमा यो नीति तथा कार्यक्रम तर्जुमामा महत्वपुर्ण सहयोग गर्नु हुने आदरणीय नगर उपप्रमुखज्यू ,प्रमुख प्रशासकीय अधिकृतज्यू,योजना तर्जुमा समितिका संयोजक र सदस्यज्यूहरु, राजस्व परामर्ष समितिका संयोजक र सदस्यज्यूहरु,बिषयगत समितिका संयोजक र सदस्यज्यूहरु कार्यपालिका सदस्यज्यू, यस नगरपालिकाका नि-वर्तमान नगर प्रमुख , उप-प्रमुख लगायत सम्पुर्ण जनप्रतिनिधिज्यूहरु बिषयगत शाखाका कर्मचारी , राजनैतीक दलका पदाधिकारी,व्यापारी,बुद्धिजिवि,संघ,संस्था, पत्रकार,महिलासंजाल,बालबालिका,अभियन्ता, नागरिक समाज लगायत अमुल्य सुझाव दिनु हुने सम्पुर्ण प्रति हार्दिक आभार प्रकट् गर्दै धन्यबाद ज्ञापन गर्दछु ।

दिपक बहादुर बम
प्रमुख
पुचौंडी नगरपालिका हाटँ बैतडी